Samasamayik ghatana 2082 (मङ्सिर)

1)नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करण कहिलेबाट सुरु भएको हो ?
विसं २०८२ मङ्सिर १ (सन् २०२५ नोभेम्बर १७)

2) राष्ट्रिय कर दिवस २०८२ को अवसरमा सबैभन्दा बढी आयकर तिरी सम्मानित हुने संस्था कुन हो ?
नेपाल दूरसञ्चार प्राधिकरण
Note:- व्यक्तिगत आयतर्फ : राजबहादुर शाह

3) विवाहित महिलाहरूको सबैभन्दा ठुलो सौन्दर्य प्रतियोगिता मिसेस नेपाल वर्ल्ड २०२५ को उपाधि जित्ने प्रतिभा को हुन् ?
रक्षा पन्त (बुटवल)

4) व्यथित साहित्य सम्मान २०८२ कसलाई प्रदान गरियो ?
डा. तुलसीप्रसाद भट्टराई

5) दृष्टिविहीन महिला टी–२० विश्वकप प्रतियोगिताको आयोजक राष्ट्र कुन हो ?
भारत र श्रीलङ्का

6) २२ औँ अन्तर्राष्ट्रिय कर सम्मेलनका लागि तय गरिएको मिति कुन हो ?
विसं २०८२ मङ्सिर २–५ (सन् २०२५ नोभेम्बर १८–२१), काठमाडौँ

7) एसियाली विकास बैङ्क (एडिबी) ले नेपालका लागि अघि सारेको नयाँ कन्ट्री पार्टनरसिप स्ट्राटेजीको अवधि कुन हो ?
सन् २०२५–२०२९

8) गोपालप्रसाद रिमाल पुरस्कार – २०८२ बाट सम्मानित हुने स्रष्टा को हुनुहुन्छ ?
कवि मञ्जुल (मेघराज शर्मा नेपाल)

9) प्रकृतिमैत्री देशको सूचीमा विश्वमै पहिलो स्थानमा पर्न सफल राष्ट्र कुन हो ?
नेपाल

10) बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले पूर्वप्रधानमन्त्री शेख हसिनालाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय कहिले सुनाएको हो ?
सन् २०२५ नोभेम्बर १७

11) जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन (कोप–३०) कहिले र कहाँ सम्पन्न भएको हो ?
सन् २०२५ नोभेम्बर १०–२१, ब्राजिलको बेलेम

12) जी–२० शिखर सम्मेलन २०२५ कहाँ सम्पन्न भएको हो ?
दक्षिण अफ्रिका (सन् २०२५ नोभेम्बर २२–२३)

13) सरकारले मुख्य सचिवमा कसलाई नियुक्त ग¥यो ?
सुमनराज अर्याल

14) राष्ट्रिय कफी दिवस कहिले मनाइन्छ ?
मङ्सिर १ (२०८२ (२१ औँ) को नारा : कफी खेती गरौँ, स्वरोजगार बनौँ)

15) प्रथम दृष्टिविहीन महिला टी–२० विश्वकप प्रतियोगितामा नेपालले कुन स्थान हासिल ग¥यो ?
दोस्रो

16) ९८ औँ ओस्कार अवार्ड, २०२६ का लागि नेपालबाट चयन भएको चलचित्र कुन हो ?
एञ्जिला

17) मिस युनिभर्स २०२५ को उपाधि चुम्ने सुन्दरी को हुन् ?
फतिमा बोस (मेक्सिको)

18) रुस र युक्रेनबिचको युद्ध अन्त्य गर्नेसम्बन्धी २८ बुँदे शान्ति योजनाको मसौदा कहिले सार्वजनिक गरियो ?
सन् २०२५ नोभेम्बर

19) सार्वभौम साखका लागि अन्तर्राष्ट्रिय मूल्याङ्कनकर्ता संस्था फिच रेटिङले गरेको मूल्याङ्कनमा नेपालले सन् २०२५ मा कुन रेटिङ प्राप्त गरेको छ ?
बिबी माइनस (गत वर्षकै यथावत्)

20) संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक मामिला विभागद्वारा प्रकाशित ‘विश्व सहरीकरण प्रक्षेपण–२०२५

प्रतिवेदन अनुसार विश्वको सबैभन्दा घना आवादी भएको सहर कुन हो ?
जकार्ता, इन्डोनेसिया

21) थाइल्यान्डमा तीन सय वर्षयताकै ठुलो वर्षा कहिले भयो ?
सन् २०२५ नोभेम्बर

22) हालै भीषण बाढीपहिरोका कारण आपत्काल घोषणा गरिएको राष्ट्र कुन हो ?
श्रीलङ्का (सन् २०२५ नोभेम्बर)

23) राष्ट्र बैङ्कले नेपालको चुच्चे नक्सासहितको एक सय रुपियाँ दरको नयाँ नोट कहिलेदेखि प्रचलनमा ल्याएको हो ?
विसं २०८२ मङ्सिर ११

24) क्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) प्रोग्रामिङ समितिको ६१ औँ अधिवेशन कहिले सम्पन्न भएको हो ?
विसं २०८२ मङ्सिर १०

25) इथियोपियामा १२ हजार वर्षपछि हाइली गुब्बी ज्वालामुखी विस्फोट कहिले भएको हो ?
सन् २०२५ नोभेम्बर २३

26) लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान कहिले मनाउने गरिन्छ ?
हरेक वर्ष नोभेम्बर २५ – डिसेम्बर १०

27) बाह्य मिचाहा प्रजातिको प्रथम राष्ट्रिय सम्मेलन (राष्ट्रिय कोप–१) कहिले हुँदै छ ?
विसं २०८२ मङ्सिर २६–२७, ललितपुर